# मानमिन समाचार

अंक १७ अगस्ट ३१, २०१४

# “रहस्यमय र सुन्दर ! परमेश्वरको उपस्थितिको अनुभूति !”

## इन्द्रेनीहरूमा परमेश्वरको प्रतिज्ञा र प्रबन्ध अभिव्यक्त


बाइबलमा नूहको समयमा भएको जलप्रलयपछि इन्द्रेणी देखा पर्दछ । उत्पत्ति ९:१३ मा लेखिएको छ, “म बादलमा मेरो इन्द्रेनी राख्तछु, र मेरो र पृथ्वीको बीचमा त्यो एउटा करारको चिन्ह हुनेछ ।” योचाहिँ अब फेरि पृथ्वीलाई बाढीबाट नाश नगर्ने परमेश्वरको प्रतिज्ञा थियो । साथै, यसले परमेश्वर जो आत्मा हुनुहुन्छ, उहाँका कार्यहरू यस शारीरिक संसारमा पनि हुन्छ र परमेश्वरले आफ्नो योजना अनुसार शारीरिक संसारमा सबै कुरलाई अगुवाइ गर्नुहुन्छ भनी देखाउँदछ ।

“त्यहाँ विराजमान हुनुहुनेको मुहार बिल्लौर र लालमणिजस्तै देखिन्थ्यो, र सिंहासनको वरिपरि पन्नाजस्तो इन्द्रेनी थियो” भनी उल्लेख गरेर प्रकाश ४:३ ले परमेश्वरको सिंहासनको वरिपरि इन्द्रेनी छ भनी हामीलाई बताउँदछ । मानिसहरूले एक अर्कासित कुनै प्रतिज्ञा गर्दा आफ्नो वचनबद्धता प्रकट गर्नका लागि केही चिनो आदानप्रदान गरे जस्तै परमेश्वरले उहाँ र संसारबीच आफ्नो करारको चिन्हस्वरूप यस्ता इन्द्रेनीहरू देखाउनु हुन्छ । तसर्थ, वैज्ञानिक व्याख्या वा मानव ज्ञानलाई माथ गर्ने रहस्यमय र असाधारण इन्द्रेनीहरू देखा पर्दा, ती प्रकट हुनुको अर्थलाई हामीले मनन गर्नं पर्दछ ।

### वर्षापछि देखिने साधारण इन्द्रेनीहरूभन्दा भिन्न

इन्द्रेनी एक चाक्षुष र मौसमी प्रक्रिया हो जुनचाहिँ पानीका कणहरूमा प्रकाशको प्रतिबिम्बन र परावर्तन दुवैको कारण स्वरूप आकाशमा देखापर्ने प्रकाशको वर्णच्छटा (स्पेक्ट्रम) हो । सूर्यको प्रकाशको कारणले गर्दा देखिने इन्द्रेनीहरू सधैँ आकाशमा सूर्यको ठयाक्कै विपरीत भागमा देखा पर्दछन् । हालैका वर्षहरूमा वायु प्रदूषणको कारणले गर्दा दक्षिण कोरियामा इन्द्रेनीहरू देख्न गाह्रो भएको छ ।

तर, सन् १९९८ मे १५ मा मानमिन केन्द्रिय चर्चको माथि सूर्यको वरिपरि पहिलो पटक गोलाकार इन्द्रेनी देखा परेपछि, केन्द्रिय चर्चका साथै कोरिया भित्र र बाहिर रहेका मानमिनका शाखा चर्चहरूमा हुने कार्यक्रमहरू र समर रिट्रिट जस्ता बाह्य कार्यक्रमहरू अनि मिशन यात्रामा समेत निरन्तर रूपमा इन्द्रेनीहरू देखा परिरहेका छन् ।


1 Fuji SLP800


2 Nikon D2X, Fisheye 10.5mm, 1/250, f/11, ISO 100


3 Nikon D2X, Fisheye 10.5mm, 1/1000, f/13, ISO 200


4 Nikon D80, Fisheye 10.5mm, 1/500, f/11, ISO 200

### सूर्यलाई घेर्ने गोलाकार इन्द्रेनीहरू र अन्य थुप्रै असाधारण इन्द्रेनीहरू

सन् २००० साल अगस्ट महिनामा, परमेश्वरले मानमिनलाई सूर्यलाई केन्द्रमा पारेर घेर्ने चार पंक्तिमा रहेको गोलाकार इन्द्रेनी देखाउनु भयो । परमेश्वरले गोलाकार इन्द्रेणी देखाउनुहुँदा, उहाँले ‘म र तिमी, र तिम्रा मानिसहरू सबै सत्यतामा एक भएका छौं’ भनी जनाउनु भएको हुन्छ । साथै यसले यो पनि जनाउँदछ कि परमेश्वरले हामीलाई आफ्ना छोराछोरीहरू बनाउने र उहाँको प्रबन्धमा आफूसित एउटै बनाई अगुवाइ गर्ने प्रतिज्ञा गर्नं भएको छ । दोहोरो गोलाकार इन्द्रेनी र तीन पंक्तिमा रहेको गोलाकार इन्द्रेनीले स्वर्ग विभिन्न तहहरूमा विभाजन भएको छ भनी जनाउँदछ । दोहोरो गोलाकार इन्द्रेनी दोस्रो स्वर्गबाट, र तीन पंक्तिमा रहेको गोलाकार इन्द्रेनी तेस्रो स्वर्गबाट प्रकट हुँदछ । अर्को शब्दमा भन्नु पर्दा, पहिलो, दोस्रो र तेस्रो स्वर्गबाट प्रकट भएका तीनवटा गोलाकार इन्द्रेनीहरू एकअर्कोमाथि खप्टिदाँ हाम्रो आँखा सामु तीन पंक्तिमा रहेको गोलाकार इन्द्रेनी देखापर्दछ । मौलिक परमेश्वर विराजमान हुनुहुने चौथो स्वर्गलाई परमेश्वरले खोलिदिनु हुँदा चार पंक्तिमा रहेको गोलाकार इन्द्रेनी देखापर्दछ ।

सन् २००३ साल अप्रिल महिनामा, दुबईको मिशन यात्राको समयमा देखा परेको गोलाकार इन्द्रेनीले, ‘सबै कुरा परमेश्वर पिताको क्षेत्रमा रहेर पूरा हुनेछ’ भन्ने अर्थ बोकेको थियो । अर्थात्, सबै कुरा त्रिएक परमेश्वरका कार्यहरूद्वारा पूरा हुनेछन् (चित्र १) ।


सन् २००६ मा कंगोमा संयुक्त क्रूसेडको लागि जाने क्रममा, हवाइ जहाजको बाहिरपट्टि आकाशलाई एउटा नयाँ प्रकारको इन्द्रेनीले सुशोभित पारेको थियो (चित्र २) । एउटा गोलाकार इन्द्रेनी देखा पऱ्यो अनि त्यसमाथि एक चाप आकारको इन्द्रेनी थियो । गोलाकार इन्द्रेनीको दुवै छेउहरू र तल्लो भागबाट चम्किलो प्रकाश प्रादुर्भूत भइरहेको थियो ।

### औंठी आकारको इन्द्रेनीले प्रतिज्ञा पूरा भएको जनाउँदछ

सन् २०१० साल अप्रिल महिनामा, चर्चको क्रूस स्तम्भमाथि देखा परेको औंठीं आकारको इन्द्रेनीले चर्चका सदस्यहरू र वरिपरि रहेका बासिन्दाहरूलाई चकित तुल्यायो । एउटा गोलाकार इन्द्रेनीले सूर्यलाई पार गरेको थियो, जसले गर्दा सूर्य औंठीमाथिको पत्थर जस्तै देखिएको थियो र अर्को गोलाकार इन्द्रेनीले सूर्यलाई घेरेको थियो (चित्र ३) । यसले पृथ्वीको पल्लो छेउसम्म घोषणा गरिएको पवित्रताको सुसमाचारद्वारा परमेश्वरको प्रबन्धको पूर्ति र संसारको अन्त्यको समयमा कनान भवन र विशाल पवित्र भवनको साथमा पूरा हुने परमेश्वरका योजनाहरूको सफलतालाई जनाउँदछ ।


सन् २०११ साल जनवरी महिनामा, मुआन मीठो पानीको स्थलमाथि एक बृहत इन्द्रेनी देखा पऱ्यो (चित्र ४) । सूर्यको वरिपरि गोलाकार इन्द्रेनी थियो, त्यसको दुवैछेउमा हीराझैं चम्किरहेका पखेटा जस्ता इन्द्रेनीहरू थिए, तिनलाई एउटा अर्ध गोलाकार इन्द्रेनी घेरेको थियो, र ती इन्द्रेनीहरूमाथि एउटा पंखा आकारको इन्द्रेनी थियो । मुआन मीठो पानीको स्थल त्यो ठाउँ हो जहाँ, माराको तीतो पानी मीठो पानीमा परिवर्तन भएझैं, जिओन्नाम प्रान्तमा रहेको मुआन मानमिन चर्च क्षेत्रमा डा. लीको प्रार्थनाद्वारा समुद्रको नुनिलो पानी पिउनयोग्य मीठो पानीमा परिवर्तन भएको थियो (प्रस्थान १५:२५) ।

सन् २०१४ साल जुन महिनामा रेभ, सुजिन लीको रसियाको मिशन यात्रामा, मिशन समूहका सदस्यहरूले एक ठूलो दोहोरो-अर्ध गोलाकार इन्द्रेनी, गोलाकार इन्द्रेनीहरू, र एक रेखीय इन्द्रेनी देख्नु भएको थियो । जुन ३० देखि जुलाइ २ तारिखसम्म भएको सन् २०१४ सालको अगुवाहरूको सम्मेलनमा, इन्द्रेनीहरू देखा परे र तिनले सधैँ मानमिनको साथमा हुनुहुने परमेश्वरको प्रेम सदस्यहरूलाई अनुभव गराए ।













## क्रूसको सन्देश श्रृंखला – (१७)

# क्रूसमा येशूका अन्तिम सात वाणीहरू (१)



डा. जेरक ली

"अनि येशूले भन्नुभयो,
'हे पिता यिनीहरूलाई क्षमा गर्नुहोस्,
किनकि यिनीहरूले के गर्दैछन् सो जान्दैनन्।'
अनि तिनीहरूले उहाँको वस्त्र
भाग गरेर चिट्ठा हाले।"
(लूका २३:३४)

"उहाँले त्यसलाई भन्नुभयो,
'साँच्चै म तिमीलाई भन्दछु,
आजै तिमी मसित स्वर्गलोकमा हुनेछौ।'"
(लूका २३:४३)

मृत्युको समय नजीक हुँदा, धेरैजसो मानिसहरूले आफ्नो जीवनलाई फर्किएर हेर्छन् र आफ्ना परिवार अनि साथीहरूको निम्ति इच्छापत्र छोडी राख्छन्। मानवजातिको मुक्तिदाता बनेर यस संसारमा आउनुभएको येशूले क्रूसमा आफ्नो प्राण त्याग्न अघि केही कुराहरू बोल्नुभयो र तिनलाई "क्रूसमा बोलिएका अन्तिम सात वाणीहरू" भनिन्छ।

मानवजातिको निम्ति मुक्तिको प्रबन्ध पूरा गर्न यस संसारमा देहधारी भएर आउनुभएको परमेश्वरको पुत्र येशूले आफ्नो अन्तिम इच्छा व्यक्त गर्ने क्रममा के-कस्ता कुराहरू भन्नुभयो ? प्रभुको हृदयलाई बुझेर हामी उहाँको साँचो सन्तना बन्न सकेका होऔं भन्ने हेतुले, हाम्रो प्रभु पृथ्वीमा हुनुहुँदा आफ्नो अन्तिम घडीमा उहाँद्वारा "क्रूसमा बोलिएका अन्तिम सात वाणीहरू" लाई मानमिन समाचारका आगामी अंकहरूमा गहन रूपमा व्याख्या गरिनेछ।

### १. "हे पिता यिनीहरूलाई क्षमा गर्नुहोस्, किनकि यिनीहरूले के गर्दैछन् सो जान्दैनन्।"

परमेश्वरको इच्छालाई पालन गरेर क्रूसमा चढी मुक्तिको मार्गलाई पूरा गर्ने क्रममा येशूले क्रूसमा बोल्नुभएका अन्तिम सात वाणीहरूको ठूलो आत्मिक अर्थ छ। ती सातमध्येको पहिलो वाणी लूका २३:३४ मा पाइन्छ।

हाम्रा पापहरूको कारण परमेश्वरको पुत्र येशूले क्रूसीकरणको क्रूर दण्ड भोग्नुभयो। पापीहरूको रूपमा मृत्युदण्ड प्राप्त गर्न लागेका सम्पूर्ण मानवजातिहरूको निमित्त येशूले सबै प्रकारका कष्ट र दुःख सहनुभयो। यो कुराको ज्ञानविना, रोमी सिपाहीहरू र इस्राएलका मानिसहरूले क्रूसमा झुण्डिनुभएको येशूसित एक अपराधीलाई झैं व्यवहार गरी उहाँलाई तिरस्कार गरे र अपमानित तुल्याए।

तरैपनि, येशूले केवल चुपचाप सहनु मात्र भएन तर आफूलाई मार्नका निम्ति जोड दिने मानिसहरूलाई क्षमा गरिदिनका लागि उहाँले परमेश्वरसित बिन्ती गर्नुभयो। याद राख्नुहोस्, यो प्रार्थना, केवल त्यतिबेला येशूको क्रूसीकरणको समयमा त्यहाँ उपस्थित भीडको लागि मात्र थिएन; तर अन्धकारमा जिइरहेका सबै मानवजातिको निम्ति थियो। येशूको यही प्रेमको प्रार्थनाको कारण आज अनगिन्ती मानिसहरूले मुक्ति प्राप्त गर्न सक्नुभएको छ।

क्रूसमा टाँगिएको बेला आफ्नो अन्तिम क्षणमा पापीहरूका लागि प्रेमका साथ प्रार्थना गर्नुहुने निर्दोष येशू परमेश्वरका सबै सन्तानहरूले सबै मानिसहरूलाई प्रेम गरेको र क्षमा दिएको चाहनुहुन्छ। त्यसकारण उहाँले हामीलाई "प्रभुको प्रार्थनामा", "हाम्रा अपराधहरू क्षमा गरिदिनुहोस्, जसरी हामीले पनि आफ्ना अपराधीहरूलाई क्षमा गरेका छौं" भनी प्रार्थना गर्न सिकाउनु भएको छ।

हामीले अनावश्यक रूपमा सतावट भोग्नु परेको समयमा पनि, आफूलाई सताउनेहरूप्रति दुष्टचाइँपूर्वक व्यवहार नगरी र वैमनस्यका भावनाहरू नराखी ती मानिसहरूप्रति हामीले केवल भलाइको व्यवहार गरेको येशू चाहनुहुन्छ (मत्ती ५:४४-४५)। त्यसकारण, आफूलाई क्रूसमा टाँग्ने र उपहास गर्ने पापीहरूलाई समेत प्रेम गर्नुहुने येशूको उदाहरणलाई पछ्याएर, हामीले पनि आफ्ना दाजुभाइ र दिदीबहिनीहरूलाई प्रेम गर्नुपर्दछ र आफ्ना शत्रुहरूलाई समेत क्षमा दिएर हामीले प्रेम गर्नु पर्दछ।

### २. "साँच्चै म तिमीलाई भन्दछु, आजै तिमी मसित स्वर्गलोकमा हुनेछौ।"

"क्रूसमा बोलिएका अन्तिम सात वाणीहरू" मध्ये दोस्रोचाहिँ लूका २३:४३ मा उल्लेख गरिएको छ। येशूको दुवैपट्टि दुइ जना अपराधीहरू पनि क्रूसमा टाँगिएका थिए। तीमध्ये एकजनाले यसो भन्दै येशूको उपहास गर्‍यो, "के तिमी ख्रीष्ट होइनौ ? तिमी आफैलाई र हामीलाई बचाऊ।" अर्को अपराधीले यसो भन्दै पहिलोलाई हप्कायो, "तँ पनि त्यही दण्डमा परेको छस्, तापनि परमेश्वरको डर मान्दैनस् ? हाम्रो दण्ड त न्यायोचित छ, किनकि हामीले त आफ्नो कामको उचित फल भोगिरहेका छौं, तर यी मानिसले त केही अनुचित काम गरेका छैनन्।" त्यसपछि उसले येशूसित अन्तर्बिन्ती गर्‍यो। त्यो अपराधीले भन्यो, "हे येशू, तपाईं आफ्नो राज्यमा आउनुहुँदा मलाई सम्झनुहोस्।" तब येशूले यसरी उत्तर दिनुभयो र त्यो अपराधीसित वाचा गर्नुभयो, "साँच्चै म तिमीलाई भन्दछु, आजै तिमी मसित स्वर्गलोकमा हुनेछौ।"

"क्रूसमा बोलिएका अन्तिम सात वाणीहरू" मध्ये यो दोस्रो वाणीको महत्वपूर्ण आत्मिक अर्थ रहेको छ, जसमध्ये सर्वप्रथम स्वर्गीय राज्यको "स्वर्गलोक" बारे उल्लेख गरिएको छ। बाइबलभरि स्वर्गको बारेमा थुप्रै प्रसङ्गहरू भेटिन्छन्। उदाहरणको लागि, २ कोरिन्थी १२ अध्यायमा प्रेरित पावलले, "तेस्रो स्वर्गसम्म....स्वर्गलोकमा उचालिलगियो, र त्यहाँ बताउनु नहुने कुराहरू उसले सुन्यो, जुनचाहिँ मानिसले उच्चारणसम्म पनि गर्नुहुँदैन" भन्ने जस्ता कुराहरू उल्लेख गर्नुभएको छ। "स्वर्ग, सर्वोच्च आकाश" को बारेमा नेहम्याह ९:६ ले बताउनुका साथै बाइबलका थुप्रै अन्य भागहरूमा "सर्वोच्च स्वर्ग" को बारेमा उल्लेख गरिएको छ। हामीले आफ्ना नाङ्गा आँखाले देख्ने यो शारीरिक स्वर्ग (आकाश) बाहेक, आत्मिक राज्यका स्वर्गहरू पनि छन् (१ राजा ८:२७, भजनसंग्रह ६८:३३)।

स्वर्गीय राज्य भएको "तेस्रो स्वर्ग" थुप्रै स्वर्गीय निवासस्थानहरूमा विभाजित भएको छ, जसमा प्रेरित पावल उचालिलगिनु भएको स्वर्गलोकको साथै प्रकाश २१:१०-११ मा वर्णन गरिएको नयाँ यरूशलेम शहर पर्दछ। नयाँ यरूशलेम स्वर्गीय राज्यको सबैभन्दा माथिल्लो तहमा छ र यहाँ हाम्रो प्रभुको स्वरूपसित समरूप भएका, पाप र दुष्टतालाई पूर्ण रूपमा त्यागेका र परमेश्वरको सम्पूर्ण घरानामा विश्वासयोग्य भएका मानिसहरू बसोबास गर्नुहुनेछ।

येशूको छेउमा क्रूसमा टाँगिएको अपराधीले आफ्नो मृत्युको केही क्षण अघि मात्रै प्रभुलाई ग्रहण गरेर मुक्ति प्राप्त गरेको थियो। त्यसकारण, ऊसित आफ्नो हृदयबाट पाप र दुष्टता त्याग्ने समय थिएन र प्रभुप्रति आफ्नो विश्वासयोग्यता प्रकट गर्न उसले केही पनि गरेको थिएन, त्यसैले गर्दा उसले मुश्किलले मुक्ति प्राप्त गरेको थियो। यस्ता मानिसहरू स्वर्गीय राज्यको सबैभन्दा तल्लो निवासस्थान, स्वर्गलोकमा प्रवेश गर्नेछन्।

स्वर्गलोक र नयाँ यरूशलेमबीच विभिन्न तहका निवासस्थानहरू छन् र कुन व्यक्तिले कस्तो प्रकारको निवासस्थान प्राप्त गर्नुहुनेछ भन्ने कुरा उहाँको पवित्रीकरण, विश्वास र विश्वासयोग्यताको नापअनुसार निर्धारित हुनेछ। मानिसले यस संसारमा जे रोप्छ उसलाई त्यसैको कटनी गर्न दिनुहुने र हरेकलाई उसको कामअनुसारको प्रतिफल दिनुहुने परमेश्वरको धार्मिकता अनुसार नै स्वर्गीय राज्य विभिन्न तहका निवासस्थानहरूमा बाँडिएको छ।

अर्को शब्दमा भन्नुपर्दा, कुन व्यक्तिले कति मात्रामा पाप फाल्नुभएर हाम्रो प्रभुको पवित्र स्वरूपलाई पछ्याउनुभएको छ सोहीअनुरूप हरेकको स्वर्गीय निवासस्थान फरक हुनेछ। त्यसैगरी, विभिन्न स्वर्गीय निवासस्थानमा प्राप्त हुने महिमा, इनामहरू, आनन्द र अख्तियार पनि फरक हुनेछन्।

त्यसैले १ कोरिन्थी १५:४१ ले हामीलाई भन्दछ, "सूर्यको तेज एक किसिमको, चन्द्रमाको तेज अर्कै किसिमको, र ताराहरूको तेज अर्कै किसिमका हुन्छन्। किनभने एउटा तारा अर्को ताराभन्दा तेजमा भिन्दै हुन्छ।" यदि कसैसँग साँचो विश्वास छ भने, उसले 'मुक्ति पाउन पर्याप्त हुने काम मात्र म गर्नेछु' भनी सोच्नु हुँदैन तर उसले उत्तम स्वर्गीय निवासस्थानमा पुग्ने हार्दिक चाहना राख्नु पर्दछ।

मत्ती ११:१२ मा, "बप्तिस्मा दिने यूहन्नाको समयदेखि अहिलेसम्म स्वर्गको राज्य जोडले अगि बढिरहेको छ, अनि शक्तिशाली मानिसहरू बलजफतीसँग यसलाई पक्रन्छन्" भनी उल्लेख गरिएझैं, हामी जति मात्रामा शत्रु दियाबलस र पापविरुद्ध लडेर प्रभुको अनुसरण गर्छौं, हामी त्यति नै उत्तम स्वर्गीय निवासस्थानमा प्रवेश गर्न र रहन सक्छौं।

यदि हामीलाई ईर्ष्या, डाह, न्याय गर्ने स्वभाव, दोष लगाउने स्वभाव, घृणा, विश्वासघात, छल, लोभ, रीस, व्यभिचार जस्ता पापहरूसहित स्वर्गमा प्रवेश गर्न अनुमति दिइयो भने स्वर्ग पवित्र र आनन्दमय निवासस्थान हुन सक्दैन। त्यसकारण, हाम्रो हृदयमा पाप र दुष्टता रहेसम्म हामी स्वर्गमा प्रवेश गर्न सक्दैनौं तर भलाइ र आत्माद्वारा हाम्रो हृदयमा सम्वर्द्धन गरिएका कुराहरू लिएर मात्रै हामी स्वर्गमा प्रवेश गर्न सक्छौं।

थपअझ, समान मात्रामा भलाइ र आत्मा सम्वर्द्धन गर्नुभएकाहरू एक साथ भेला हुनुभएर एउटै निवासस्थानमा बस्नुहुनेछ। जसरी यस संसारमा पनि एउटै उमेर समूह वा उस्तै व्यक्तित्व भएका मानिसहरू सँगसँगै काम गर्न र जिउन मन पराउनुहुन्छ, त्यसरी नै स्वर्गमा पनि पवित्रीकरण र विश्वासको नाप उस्तै भएका अनि प्रभुसित समरूप हुने मात्रा समान भएका मानिसहरू सँगैसँगै बस्नुहुँदा स्वर्गको जीवन अझ बढी आरामदायक र आनन्ददायी हुँदछ।

येशूले आफ्नो छेऊमा क्रूसमा टाँगिएको एक अपराधीलाई यसो भन्नुभएको थियो, "आजै तिमी मसित स्वर्गलोकमा हुनेछौ।" यसको मतलब येशू त्यस अपराधीसित स्वर्गलोकमा बस्नुहुनेछ भन्ने होइन। येशूले त्यस अपराधीलाई त्यसो भन्नुभयो किनभने, उहाँ स्वर्गको सबैभन्दा सुन्दर निवासस्थान नयाँ यरूशलेममा बस्नुहुने भएतापनि, उहाँ स्वर्गको मालिक हुनुहुन्छ र आफ्नो पुनरुत्थान र स्वर्गारोहणपछि स्वर्गमा उहाँले नै राज्य गर्नुहुन्छ।

त्यस्तै, यहाँ उल्लेख गरिएको "आज" ले येशू क्रूसमा टाँगिनुभएकै दिन स्वर्गलोकमा जानुभयो भन्ने बुझाउँदैन। त्यो अपराधी विश्वासद्वारा मुक्ति प्राप्त गरी परमेश्वरको सन्तान बनेको कारणले गर्दा त्यस क्षणदेखि उसो त्यो अपराधी जहाँ भएतापनि उहाँ उसको साथमा हुनुहुनेछ भनी येशूले उसलाई भन्दै हुनुहुन्थ्यो ! त्यसैगरी जब हामी प्रभुलाई ग्रहण गरेर मुक्ति प्राप्त गर्दछौं, त्यो दिनदेखि हाम्रो प्रभुले हामीलाई सधैं याद गर्नुहुनेछ र सधैं हाम्रो साथमा रहनुहुनेछ।

त्यसोभए, येशू क्रूसमा मर्नुभएको दिन - शुक्रबार - उहाँ कहाँ जानुभयो त ? यस बारेमा मत्ती १२:४० ले भन्दछ, "उसरी नै मानिसको पुत्र पनि पृथ्वीको गर्भमा तीन दिन र तीन रात रहनेछ," र एफिसी ४:९ ले पनि हामीलाई बताउँदछ, कि येशू "पृथ्वीको तल्लो भागमा ओर्लनु पनि भयो।" १ पत्रुस ३:१९ ले पनि हामीलाई बताउँदछ, "यसै आत्माद्वारा उहाँ जानुभयो र कैदमा परेका आत्माहरूलाई पनि प्रचार गर्नुभयो।" यो कुरा याद राख्नुहोस् कि क्रूसमा आफ्नो प्राण त्याग्नुभएपछि, येशू स्वर्गलोकमा जानुभएन तर, "उहाँ जानुभयो र कैदमा परेका आत्माहरूलाई पनि प्रचार गर्नुभयो।" यहाँ, "कैदमा परेका आत्माहरूले" ती सबै मानिसहरूलाई जनाउँदछ जो मुक्तिको लागि योग्य हुनुहुन्थ्यो तर येशू क्रूसमा चढ्नुभएर मुक्तिदाता बन्नुभन्दा अघि नै मर्नुभएको थियो।

ख्रीष्टमा प्रिय दाजुभाइ तथा दिदीबहिनीहरू, यस संसारमा आफ्नो जीवनको अन्तिम क्षणसम्म पनि येशूले सबै मानवजातिको निम्ति प्रेमका साथ प्रार्थना गरी दिनुभयो र उहाँलाई ग्रहण गर्ने अपराधीको हृदयमा स्वर्गको निम्ति आशाको वचन राखी दिनुभयो। तपाईंहरू सबैले उहाँको प्रेमलाई अझ स्पष्टसित बुझ्नुभएर उत्तम स्वर्गीय निवासस्थानलाई बलजफतीपूर्वक पक्रनुभएको होस् भनी म हाम्रो प्रभु येशू ख्रीष्टको नाउँमा प्रार्थना गर्दछु।

# तपाईंको विश्वास कति मात्रामा विश्वासको चट्टानको नजिक छ ?

विश्वासको चट्टानमा खडा हुनका लागि हामीले त्याग्न आवश्यक नौवटा पापमय स्वभावहरूलाई केलाउँदै विभिन्न व्यवहारिक उदाहरणहरूका साथमा हामी आफ्नो विश्वासलाई जाँचेर हेरौं ।

## विश्वासको चट्टानमा खडा हुनको लागि हामीले त्याग्नु पर्ने नौवटा पापमय स्वभावहरू

### रीस

▸▸▸ के तपाईं अझैपनि आफ्नो रीस प्रकट गर्नुहुन्छ वा रीसलाई दबाउन प्रयास गर्नुं हुन्छ ? के तपाईं बोल्नु हुँदा थोरै मात्रामा भएपनि झिँजो मान्ने गर्नुहुन्छ ? के तपाईं अरूसित कुरा गर्दा वैमनस्यका भावनाहरू प्रकट गर्नुहुन्छ ? यदि तपाईंमा केवल थोरै रीस मात्र बाँकी छ भने, तपाईं विश्वासको चट्टानमा खडा हुनुभएको छ ।

### वैमनस्यका भावनाहरू

▸▸▸ आफूलाई कसैले दोष लगाउँदा वा हप्काउँदा के तपाईंलाई नराम्रो लाग्छ ? आफूले आशा गरे अनुरूपको व्यवहार अरूबाट नपाउँदा, आफ्नो परिश्रमको बदलामा केही नपाउँदा, अरूबाट मान्यता नपाउँदा, वा तपाईंलाई कसैले गलत रूपमा बुझ्दा वा तपाईंको हानि हुँदा, के यी कुराहरूले तपाईंमा नकारात्मक प्रभाव पार्छन् ? के यस्ता परिस्थितिहरूले तपाईंलाई निराश बनाउँछन् ? यदि तपाईंको हृदय विचलित हुन्छ र प्रार्थना गर्ने वा आफ्ना जिम्मेवारीहरू पूरा गर्ने शक्ति तपाईंले गुमाउनु हुन्छ भने तपाईंमा अझै पनि वैमनस्यका भावनाहरू छन् भनी यसले देखाउँदछ ।

### घृणा, ईर्ष्या, डाह

▸▸▸ अरूले तपाईंभन्दा बढी प्रेम, मान्यता, र स्याबासी पाउँदा तपाईं कस्तो महसुस गर्नुं हुन्छ ? यदि तपाईं सत्यतामा आनन्दित बन्नु हुन्छ भने, तपाईं आत्माको हृदयको नजीक हुनुहुन्छ । यदि बन्नु हुन्न भने तपाईं आत्माबाट धेरै टाढा हुनुहुन्छ । केवल आफ्ना भावनाहरूलाई जाँचेर मात्रै पनि तपाईं आत्माको हृदको कति नजीक हुनुहुन्छ भनी अनुमान गर्न सक्नुहुन्छ ।

### झूट र छलको हृदय

▸▸▸ यदि तपाईं आफ्नो फाइदाको लागि अरूलाई छल्नु हुन्छ वा झूटो बोल्नु हुन्छ, यदि तपाईं झूटो प्रतिवेदन तयार गर्नुं हुन्छ, आफैलाई उचाल्न वा स्याबासी पाउनका लागि आफ्नो कामलाई बढाइचढाइ गरेर प्रस्तुत गर्नुहुन्छ, वा आफूलाई बेफाइदा पुऱ्याउने कुराहरूलाई लुकाउनुहुन्छ वा घटाएर भन्नु हुन्छ, भने यसले तपाईंमा झूट र छलको हृदय छ भनी देखाउँदछ । आकस्मिक लाभको लागि यदि कसैले अरूसित झूट बोल्छ र छल गर्छ भने, त्यस व्यक्तिले परमेश्वरलाई समेत छल्न सक्छु भनी सोचेको हुँदछ !

### न्याय गर्नु

▸▸▸ अधिकांश मानिसहरूले बाहिरी स्वरूप वा आफ्नै मापदण्ड अनुसार अरूको न्याय गर्दछन् । तैपनि, प्रत्येक व्यक्तिको भित्री हृदय फरक हुने र तिनीहरूका क्रियाकलापहरूको आशय वा उद्देश्य फरक हुने भएकोले, हामीले हतारमा अरू मानिसको न्याय गर्नु हुँदैन । हाम्रो भित्री हृदयलाई नियाल्नु हुने परमेश्वरले मात्र सबै कुरा जान्नुहुन्छ ।

### परिवर्तन हुने हृदय

▸▸▸ तपाईं आफ्नो निर्णय र योजना परिवर्तन गर्नुहुन्छ, वा आफैसित, अरूसित र परमेश्वरसित पनि सजिलै प्रतिज्ञा भङ्ग गर्नुं हुन्छ कि भनी तपाईंले आफैलाई जाँचेर हेर्नुं पर्दछ ।

### व्यभिचार

▸▸▸ व्यभिचारलाई कार्यमा प्रकट हुन नदिनका लागि तपाईंले हृदयबाट कामवासना वा व्यभिचारी सोचाइलाई पूर्णतया त्याग्नुपर्छ ।
तपाईंले यो कुरालाई याद राख्नुपर्छ कि व्यभिचारी मन परीक्षाको स्रोत हो जसलाई शैतानले सजिलैसित सधैं मानिसहरूलाई मृत्युमा लैजानका लागि प्रयोग गर्दछ ।

### लोभ, स्वार्थ, लालच

▸▸▸ हृदयमा लोभ र लालच छ भने तपाईंले अरूको मालसामान, प्रतिष्ठा, अख्तियार र रङ्गरूपको डाह गर्नुं हुनेछ । स्वार्थले चाहिँ आफ्नो फाइदा खोज्ने र व्यक्तिगत चाहना अनि हृदयका इच्छाहरूलाई पछ्याउने हृदयलाई जनाउँदछ । यसले मानिसलाई विभिन्न प्रकारका भ्रष्टचारहरू तर्फ डोऱ्याउँदछ । ती प्रायजसो पैसासित सम्बन्धित हुन्छन् । यस्तो प्रकारको हृदयकासाथ कमाएको पैसाले तपाईंलाई अझ बढी पैसा र संसारका भोगविलासी कुराहरूको खोजी गर्न लगाउँछ । यसले तपाईंलाई परमेश्वरदेखि टाढा गराउनेछ (याकूब १:१५) ।

### विश्वासघात

▸▸▸ विश्वासघातचाहिँ परिवर्तन हुने हृदय, धुर्त्याइँ, आफ्नो फाइदा खोज्ने हृदय, झूट बोल्ने हृदय र घमण्डसित सम्बन्धित छ । यस्ता दुष्ट स्वभावहरूले संयुक्त रूपमा कार्य गर्दछन् र विश्वासघातलाई निम्त्याउँछन् । आफूले पाएको अनुग्रह बिर्सनु, आफ्नो फाइदाको लागि आफ्नो समूह वा सहकर्मीहरूलाई त्याग्नु, र अरूसित गरेको प्रतिज्ञा भङ्ग गरेर तिनीहरूको आशालाई बिथोल्नु पनि विश्वासघात हो ।

## मानिसहरू किन अझै पनि विश्वासको चट्टानमा खडा भएका छैनन् त ?

### पहिलो कारण . आत्मिक कुराहरूको चाहनामा कमी हुनु

हामी सन्तोषका साथ यसरी सोच्दछौं, 'म पनि कुनै दिन परिवर्तन हुनेछु' । तर धेरै समय बितिसक्दा पनि हामी परिवर्तन हुँदैनौं । हामीमा आत्मा र परिवर्तन प्रतिको हार्दिक चाहना र नयाँ यरूशलेम प्रवेश गर्ने व्यग्रता हुनुपर्दछ, र आत्मामा प्रवेश गर्नको लागि गोठालोलाई पछ्याउनु अत्यावश्यक कुरा हो भनी हामीले महसुस गर्नुं पर्दछ ।

### दोस्रो कारण . लोभको कारण शारीरिक सोचाइहरू प्रयोग गर्नु

लोभ शारीरिक सोचाइहरूको प्रेरक हो जसले हामी( लाई आफ्नो फाइदाको लागि कार्य गर्न लगाउँछ । त्यसैगरी, यदि पापमय स्वभावहरू हामीमा रहिरहन्छन् भने, तिनले हामीमा शारीरिक सोचाइहरू उत्पन्न गराउँछन् । आफूमा शारीरिक सोचाइ आएको कुरालाई समेत इन्कार गर्दै हामी यस्तो भन्न सक्छौं, 'यो केही पनि होइन । यसो गर्नु ठीकै छ' वा 'म यो परमेश्वरको राज्यको लागि गरिरहेको छु ।'

### तेस्रो कारण . हृदय र बोलीमा असहजता हुनु

कुनै व्यक्तिले फरक तरिकाले कार्य गरेको देख्दा, भलाइका साथ बुझ्न र त्यस व्यक्तिको र म्रा पक्षहरूका बारेमा जान्न कोशिश नगरी उसको विरुद्धमा असजिलो महसुस गर्ने मानिसहरू हुन्छन् । हृदयमा असजिलो महसुस गर्ने मानिसहरूले त्यो असहजतालाई शब्दमा प्रकट गर्दछन् र तिनीहरूमा अरूलाई वा आफ्ना परिस्थितिहरूलाई दोष दिने प्रवृत्ति हुँदछ । मानिसको स्व-धार्मिकता वा संरचनाहरू जस्ता पापमय स्वभावहरूबाट असहजताका भावनाहरू उत पन्न हुन्छन् ।

### चौथो कारण . घमण्डको कारण गलत तरिकाले सोच्नु

यस्ता मानिसहरूले घमण्डको कारण, 'मैले भलाइ गरिरहेको छु । म परमेश्वर र गोठालोलाई प्रेम गर्छु' भनी गलत तरिकाले सोच्दछन् जसले गर्दा तिनीहरूले आफैलाई परमेश्वरको वचनद्वारा जाँचेर हेर्न सक्दैनन् । त्यो व्यक्ति आफ्नै भलाइको परिधि भित्र सीमित रहन्छ । आफैलाई जाँचेर हेर्न र अरूको सुझाव वा हप्कीलाई स्वीकार र ग्रहण गर्नबाट अहङ्कारले उसलाई बाधा दिन्छ ।

### पाँचौं कारण . कठोर संरचनाहरू हुनु

कठोर संरचना भएको व्यक्तिले अरूसँग सहकार्य गर्दा आफ्ना संरचनाहरूको कारण अरूका भावनाहरूमा चोट पुऱ्याउँदछ र शान्ति भङ्ग गर्दछ । तैपनि आफूले विश्वासयोग्य भई स्वयंसेवकको रूपमा कार्य गरेको छु भनी उसले सोच्दछ । उसले परमेश्वरलाई, प्रभुलाई र गोठालोलाई प्रेम गर्छु भनी भनेतापनि, उसको यो प्रेम आत्मिक प्रेम नभई शारीरिक प्रेम हो । शारीरिक स्नेह र प्रेमले फिर्तामा प्रेमको आशा गर्दछ र यसले नकरात्मक भावनाहरू उत्पन्न गराउँदछ ।

# "मूर्तिहरू फालेपछि, मैले चङ्गाइ पाएँ र स्वस्थ भएँ !"

दिदी मियाको सिमोदायरा,
७६ वर्ष, इदा मानमिन चर्च, जापान



मैले चिनेको एक जना व्यक्तिको अगुवाइमा म जापानमा रहेको इदा मानमिन चर्चका आराधना सेवाहरूमा सहभागी भएँ, तर मैले त्यहाँ दर्ता गराएकी थिइनँ। तैपनि, चर्चका सदस्यहरू प्रत्येक पल्ट मेरो घरमा आउनु हुँदा, मेरो हृदय बिस्तारै खुल्न थाल्यो। सन् २०१३ साल जनवरी महिनामा, पास्टर यिङ्युङ्ग रचू मकहाँ आउनुभयो र मलाई येशू खीष्ट, स्वर्ग र नरकको बारेमा बताउनु भयो। उहाँको सन्देशद्वारा मैले विश्वास प्राप्त गरें र ममा चर्च जाने इच्छा जागृत भयो। त्यस समयदेखि म प्रत्येक हप्ता चर्च जान थालें।

एक दिन पास्टर सेउङ्गकिल रचूसँग हामी घरेलु सङ्गतिमा सहभागी थियौं। उहाँद्वारा मैले मूर्तिपूजाको बारेमा विस्तृत रूपमा थाहा पाएँ। जापानमा पारिवारिक समाधिस्थलहरू वा कामिदाना (ससाना घरायसी मन्दिर) हरू धेरै पाइन्छ। धेरै घरहरू परमेश्वरले घृणा गर्नं हुने यस्ता मन्दिरहरू वा थुप्रै अन्य मूर्तिहरूले सजिएका हुन्छन्। म यस्तो देशमा हुर्केको हुनाले मूर्तिपूजा गर्नं मलाई स्वभाविक लाग्थ्यो। परमेश्वरको दृष्टिमा यो कति ठूलो पाप रहेछ भनी मलाई थाहा थिएन। परमेश्वरले यस्ता कुराहरूलाई घृणा गर्नं हुन्छ भन्ने थाहा पाएपछि, मैले पैतृक समाधि स्थलहरू, कामिदाना, र ड्र्यागन अङ्कित सुनको गहना, मनेकी-नेको (जापानी जन्तर) लगायतका सबै कुरा मैले फालिदिएँ।

त्यसपछि मलाई परमेश्वरले आत्मा र शरीर दुवैमा धेरै आशिष्हरू दिनुभयो। सबैभन्दा ठूलो आशिष् त मैले आराधना सेवाहरूमा परमेश्वरलाई आत्मा र सत्यतामा आराधना गर्न सकें र परमेश्वरको अनुग्रहद्वारा प्रत्येक दिन प्रार्थना गर्न सकें। डा जेरक लीको पुस्तक क्रूसको सन्देश पढ्दा मैले मुक्तिको निश्चयता प्राप्त गरें। हृदयको खतना गर्नं कति महत्वपूर्ण छ भनी मैले महसूस गरें। आफ्नो आम्दानीको दशांस दिन थालेपछि, मेरो खेतीबाट मैले राम्रो फसल प्राप्त गरें।

थपअझ, मैले धेरै रोगहरूबाट चङ्गाइ प्राप्त गरें र स्वस्थ भएँ। डा जेरक लीले प्रार्थना गरिदिनु भएको रुमालद्वारा पास्टर सेउङ्गकिल रचूबाट प्रार्थना ग्रहण गरेपछि, म उच्च रक्तचाप र मलाई सात वर्षभन्दा बढी समयदेखि सताइरहेको रक्तअल्पताको समस्याबाट म निको भएँ। मुआन मीठो पानी पिएपछि, म दुइ वर्षदेखि पीडित भएको ग्यास्ट्रिक रोगबाट मैले चङ्गाइ पाएँ (जिओन्नाम प्रान्त, मुआनमा रहेको मुआन मानमिन चर्च अगाडिको समुद्रबाट आउने नुनिलो समुद्री पानी डा. जेरक लीको प्रार्थनाद्वारा परिवर्तन भएर बनेको पिउनयोग्य मीठो पानी नै मुआन मीठो पानी हो।)

शीतदंश (बढी ठन्डी वा तुसारोबाट हुने सुज वा घाउ) को कारणले गर्दा १६ वर्षदेखि मेरो खुट्टाका औंलाहरूमा हुने पीडाबाट चङ्गाइ पाएकोमा म धेरै नै खुशी छु। जाडो याममा मेरो खुट्टाका दसै ओटा औंलाहरूबाट रगत आउने गर्दथ्यो जसले गर्दा मलाई हिंड्न गाह्रो हुन्थ्यो। मैले आफ्नो खुट्टाको वरिपरि पट्टि बाँध्नु पर्ने भएकोले गर्दा म पुरुषको मोजा र मेरोभन्दा ठूलो नापको जुत्ता लगाउने गर्दथें। यसले गर्दा मलाई हिंड्न अति कठिन हुन्थ्यो। तर डा जेरक लीले बिरामीहरूका लागि वेदीबाट गरिदिनुभएको प्रार्थना ग्रहण गरेपछि र मेरा खुट्टाहरूमा मुआन मीठो पानी लगाएपछि, ती लक्ष्यणहरू पूरै हराएका छन्। हल्लेलूयाह !

मोतीबिन्दुको शल्यक्रियाको कारणले गर्दा मेरो दाहिने आँखाको दृष्टि शक्ति ०.६ मा झरेको थियो तर भर्खरै गरेको आँखा परीक्षणको नतिजामा यो अवस्थामा सुधार भएर मेरो दृष्टि शक्ति १.५ पुगेको छ। किनभने मैले आफ्नो आँखामा विश्वासका साथ औषधिको साटो मुआन मीठो पानी प्रयोग गरेको थिएँ। म सम्पूर्ण धन्यवाद र महिमा परमेश्वरलाई दिन्छु जसले मलाई मूर्ति पूजालाई उहाँ कति घृणा गर्नं हुन्छ भनी सिकाउनुभयो र यस्तो वृद्धावस्थामा मलाई स्वस्थ रहने आशिष् दिनुभएको छ।

# "मेरो छोराको बूढी औंला र ग्रोथ प्लेटको चोट निको भयो"

डिकनिस इनजङ्ग हाम,
३५ वर्ष, ३-३२ प्यारिश, दक्षिण कोरिया



सन् २०१४ साल मे १९ तारिखको दिन मेरो छोरा सियोङ्गक्युल आफ्नो दाहिने हात सुन्निएको अवस्थामा घर आउनुभयो। उहाँले आफ्ना औंलाहरू चलाउन सक्नु भएको देखेर मैले यसलाई साधारण चोटको रूपमा मात्र लिएँ, त्यसैले मैले उहाँलाई अटोमेटेड रेस्पोन्स सिस्टम मा रेकर्ड गरिएको डा. जेरक लीले बिरामीको लागि गरिदिनु भएको प्रार्थना ग्रहण गराएँ।

उहाँको पीडा हरायो र समय बित्दै जाँदा सुजन पनि कम हुँदै गयो। मेरो छोराले बायाँ हात बढी प्रयोग गर्नंहुन्थ्यो त्यसैले उहाँलाई कुनै दुःख भएन र मैले पनि खासै वास्ता गरिनँ।

तर मेरो श्रीमान् डिकन मिन्उ को, जो एक फिजिकल थेरापिस्ट हुनुहुन्छ, उहाँले सियोङ्गक्युलको बूढी औंला असामान्य देखिएकोले हामीले एक्स-रे गराउनु पर्छ भनी भन्नुभयो। मे ३१ मा हामी एक अर्थोपेडिक (हाडजोर्नी सम्बन्धी) अस्पतालमा गयौं। चिकित्सकले उहाँको बूढी औंला भाँचिएको छ र ग्रोथ प्लेटमा (लामो हड्डीको छेउमा हुने बढ्दो तन्तु) चोट लागेको छ भनी भन्नुभयो। उहाँले मेरो छोराको बूढी औंलामा ढलान गरिदिनु भयो र हामीलाई अर्को ठूलो अस्पतालमा जान सुझाव दिनुभयो।


जुन ३ तारिखमा हामी मेरुदण्ड र हाडजोर्नी सम्बन्धी विशेष उपचार गर्ने अस्पतालमा गयौं। एक्स-रे रिपोर्टले अपेक्षा गरिए अनुसार नै, उहाँको बूढी औंलाको मेटाकार्पल हाड र ग्रोथ प्लेट फुटेको देखायो। चिकित्सकले बूढी औंलाको पहिलो वा दोस्रो अङ्गुलास्थिमा चोट लाग्नु सामान्य हो तर प्रायजसो वयस्क व्यक्तिहरूमा मात्रै देखिने मेटाकार्पल हाड फुट्ने समस्या कुनै बालकमा उहाँले देख्नु भएको यो पहिलोपटक हो भनी भन्नुभयो।

उहाँले त्यो भाँच्चिएको बूढी औंलामा पिन हाल्नु पर्छ भनी भन्नुभयो र उहाँको लिखित सिफारिस लिएर हामीलाई विश्वविद्यालयको अस्पतालमा जाने सुझाव उहाँले दिनुभयो। यो हाम्रो इसाई जीवनलाई फर्केर हेरी जाँच गर्ने राम्रो अवसर हो भनी मेरो ग्रेट ग्राण्ड प्यारिश पास्टर, पा. मियोङ्ग ली हामीलाई भन्नुभयो। उहाँले भन्नुभएको जस्तै गरी, हामीले उपवास बस्यौं र परमेश्वरको प्रेमलाई स्मरण गरेर पश्चात्ताप गर्‍यौं। मैले आनन्दित नभईकन कोषको अगुवाको रूपमा काम गरेकोमा पश्चात्ताप गरें, मेरो पतिले आफूले सियोङ्गक्युललाई सत्यतामा नहुर्काउनु भएकोमा पश्चात्ताप गर्नंभयो, र सियोङ्गक्युलले आत्मा र सत्यतामा आराधना नगरेकोमा र साथीहरूसित झगडा गरेकोमा पश्चात्ताप गर्नं भयो।

जुन ५ तारिखको दिन, मेरो छोरा र मैले ए.आर.एस (अटोमेटेड रेस्पोन्स सिस्टम) मा डा. लीले बिरामीको लागि गरिदिनु भएको प्रार्थना ग्रहण गर्‍यौं र विश्वविद्यालयमा रहेको हाडजोर्नी सम्बन्धी विशेष उपचार हुने बाल अस्पतालमा गयौं। परमेश्वरले हामीलाई सधैं असल कुराहरू मात्र दिन चाहनु हुन्छ भनी मलाई थाहा थियो, त्यसैले मैले आफ्नो हृदयमा शान्ति महसूस गरें र उहाँबाट चङ्गाइको निश्चयता प्राप्त गरें। मैले विश्वास गरे झैं, उहाँको एक्स-रे रिपोर्टले फुटेका भागहरू एक आपसमा राम्रोसित जोडिएको र उहाँको ग्रोथ प्लेटमा कुनै पनि समस्या नभएको देखायो। उहाँलाई निको हुन दुइ दिनभन्दा पनि कम समय लाग्नु, यो कति आश्चर्यजनक कुरा हो। हल्लेलूयाह !



प्रार्थनाअघि : दाहिने बूढी औंलाको फुटेको मेटाकार्पल हाड र ग्रोथ प्लेट



प्रार्थनापछि : निको भएको दाहिने बूढी औंलाको मेटाकार्पल हाड र ग्रोथ प्लेट

अर्को दिन, शुक्रबारको रात्री सेवाभन्दा अघि, मेरो छोराले डा. लीलाई भेट्नुभएर उहाँबाट व्यक्तिगत रूपमा प्रार्थना ग्रहण गर्नंभयो। तब, उहाँले आफ्नो बूढी औंला कुनै चोट नै नलागे जस्तै गरी सजिलैसित चलाउनु भयो। यो घटनाले मेरो परिवारलाई परमेश्वरको प्रेम महसूस गर्ने र विश्वास वृद्धि गर्ने अवसर दियो।

हामी सबै धन्यवाद र महिमा परमेश्वरलाई दिन्छौं।




## विश्वासको स्वीकारोक्ति

१. मानमिन केन्द्रिय मण्डलीले विश्वास गर्दछ कि बाइबल परमेश्वरद्वारा दिइएको सिद्ध र त्रुटिरहित वचन हो।
२. मानमिन केन्द्रिय मण्डली त्रिएक परमेश्वर : पवित्र पिता परमेश्वर, पवित्र पुत्र परमेश्वर र पवित्र आत्मा परमेश्वरको एकत्व र कार्यमा विश्वास गर्दछ।
३. मानमिन केन्द्रिय मण्डलीले विश्वास गर्दछ कि हामीले हाम्रो पापको क्षमा केवल येशू खीष्टको छुटकारा दिने रगतद्वारा प्राप्त गर्दछौं।
४. मानमिन केन्द्रिय मण्डली येशू खीष्टको पुनरुत्थान र स्वर्गारोहण, उहाँको दोस्रो आगमन र सहस्राब्दी र अनन्त स्वर्गमा विश्वास गर्दछ।
५. मानमिन केन्द्रिय मण्डलीका विश्वासीहरु हरेकपटक भेला हुँदा "प्रेरितहरुको विश्वासको सार" द्वारा आफ्नो विश्वास स्वीकार गर्दछन् र त्यसमा शब्दशः विश्वास गर्दछन्।

"किनभने उहाँ (परमेश्वर) ले नै मानिसहरुलाई जीवन, सास र सबै चिज दिनुहुन्छ।" (प्रेरित १७:२५)
"अरु कसैमा मुक्ति छैन, किनकि हामीले मुक्ति पाउनलाई स्वर्गमुनि मानिसहरुमा अर्को कुनै नाउँ दिइएको छैन।" (प्रेरित ४:१२)

Nepali

मानमिन समाचार
मानमिन केन्द्रिय मण्डलीद्वारा प्रकाशित

२५३-गूरो-३ डूङ्ग, गूरो-गू, सियोल कोरिया (पोष्टल कोड १५२-८४८)
फोन : ८२-२-८१८-७०४७, फ्याक्स: ८२-२-८१८-७०४८
http: //www.manmin.org/english
इमेल: manminministry@hotmail.com

प्रकाशक : जेरक ली
व्यवस्थापन सम्पादक : ग्यूमसून विन